CHILIME HYDROPOWER COMPANY LIMITED

Dhumbarahi, Kathmandu

Unaudited Financial Position as on 31st Aswin 2083 (October 17, 2026)

(Rs.'000')

Particulars	2083.06.31 (17.10.2026)	2083.03.32 (16.07.2026)	2082.06.31 (17.10.2025)
Assets			
Non-current assets			
Property, plant and equipment	2,096,938.42	2,118,119.61	2,140,846.39
Capital Work-In-Progress			42,454.88
Investment Work-In-Progress	333,749.69	325,132.46	284,391.22
Financial Assets			
Investment in subsidiary	694,250.00	694,250.00	671,086.40
Investment in Associates	5,901,125.90	5,900,375.90	5,900,375.90
Total non-current assets	**9,026,064.01**	**9,037,877.97**	**9,039,154.79**
Inventory	165,714.79	161,431.74	91,913.47
Advances and Deposit	551,394.81	445,472.30	543,075.76
Financial Assets			
Investment in Term Deposits	217,244.03	217,244.03	325,012.91
Other current assets	1,997,548.84	2,216,235.57	2,032,210.38
Cash and cash equivalent	285,133.46	149,042.65	111,458.26
Current Tax Assets(Net)	-	-	-
Total current assets	**3,217,035.92**	**3,189,426.29**	**3,103,670.78**
Total assets	**12,243,099.93**	**12,227,304.26**	**12,142,825.57**
Equity and liabilities			
Equity			
Paid up share capital	9,484,988.68	9,484,988.68	8,782,396.92
Retained earnings	2,215,691.72	2,206,517.98	2,849,464.62
Total Equity	**11,700,680.39**	**11,691,506.66**	**11,631,861.54**
Defined Benefit Plans	212,073.00	212,073.00	185,675.50
Deferred tax Liabilities	148,703.19	148,703.19	127,292.97
Total Non-current liabilities	**360,776.19**	**360,776.19**	**312,968.47**
Current liabilities			
Provisions for employee benefits	48,469.68	21,854.85	27,376.24
Corporate Social Responsibility Fund	25,930.29	25,837.62	21,404.33
Financial Liabilities			
Trade and Other Payables	49,155.65	63,848.41	73,319.08
Current Tax Liabilities(Net)	58,087.73	63,480.53	75,895.91
Total Current Liabilities	**181,643.34**	**175,021.42**	**197,995.56**
Total Equity and Liabilities	**12,243,099.93**	**12,227,304.26**	**12,142,825.57**

Unaudited Profit/(Loss) Accounts from 1st Shrwan to Aswin 2083 (17th July 2026 to 31st October 2026)

(Rs.'000')

Particulars	FY2083/084 (Up to Aswin) (2026/027)	FY2082/083 (Up to Ashad) (2025/026)	FY2082/083 (Up to Aswin) (2025/026)
Revenue	114,272.26	1,167,632.06	353,082.70
Direct Expenses	(34,050.99)	(115,829.46)	(26,593.44)
Royalty Expenses	(33,527.23)	(138,863.20)	(57,408.27)
Gross Profit	**46,694.04**	**912,939.40**	**269,080.99**
Employee benefit expense	(20,609.75)	(76,018.70)	(12,953.42)
Administrative Expenses	(33,443.49)	(30,541.16)	(7,950.20)
Depreciation and amortization	(21,181.20)	(85,071.97)	(14,000.00)
Profit from Operation	**(28,540.40)**	**721,307.56**	**234,177.37**
Finance Income	31,931.25	135,931.69	31,964.89
Other Income	8,428.54	28,767.60	1,176.75
Loss on Sales of Assets	11,819.39	86,006.85	267,319.01
Profit/(Loss) Before Tax and Bonus	**(236.39)**	**(17,720.14)**	**(5,346.38)**
Employee Bonus	11,583.00	68,286.71	261,972.63
Profit/(Loss) Before Tax	**114,272.26**	**1,167,632.06**	**353,082.70**
Current tax	(2,316.60)	(183,481.64)	(54,051.61)
Differed Tax Income	-	(20,895.03)	-
Profit after Tax	**9,266.40**	**663,910.04**	**207,921.02**
Corporate Social Responsibility Provision	(92.66)	(6,639.10)	(2,079.21)
Net Profit for the year	**9,173.74**	**657,270.94**	**205,841.81**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३, को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व. २०८३/०८४ प्रथम त्रैमासिक प्रतिवेदन ।

वित्तिय विवरण :

(क) प्रथम त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्बन्धी विवरणहरु यसै साथ सम्लग्न गरिएको छ ।

(ख) प्रमुख वित्तिय सूचकहरु :

विवरण	आ.व.२०८३/०८४ प्रथम त्रैमासिक अवधि (असोज मसान्तसम्म)	आ.व.२०८२/०८३ प्रथम त्रैमासिक अवधि (असोज मसान्तसम्म	कैफियत
प्रतिसेयर आम्दानी (रु)	०.३९	९.३८	
P/E Ratio	८७०.३१	४८.६१	
प्रति सेयर नेटवर्थ (रु)	१२३.३६	१३२.४५	
प्रतिसेयर कुल सम्पत्तिको मूल्य (रु)	१२९.०८	१३८.३६	
तरलता अनुपात	१७.७१	१५.६८	

व्यवस्थापकीय विश्लेषण :

बाढीजन्य क्षति तथा जलविद्युत् उत्पादन तथा आयस्रोतमा पर्न गएको प्रभाव

समीक्षा अवधि अन्तर्गत मिति २०८३ साल भदौ १० गते भोटेकोशी (त्रिशूली नदी प्रणाली) नदीमा आएको आकस्मिक र भीषण बाढीका कारण कम्पनीको जलविद्युत् केन्द्रको भौतिक संरचना तथा विद्युत् उत्पादनमा गम्भीर र उल्लेख्य प्रभाव पर्न गएको छ । बाढीसँगै बगेर आएको लेदो, गेग्रान र ढुङ्गाका कारण कर्मचारी आवास गृह (Staff Quarters), विद्युत् गृहको सिभिल संरचना (Powerhouse Civil Structures), मेसिन तथा उपकरणहरु (Electro-mechanical Equipment) र टेलरेस (Tailrace) क्षेत्रमा व्यापक क्षति पुगेको छ ।

उक्त प्राकृतिक प्रकोपका कारण गत भदौ १० गतेदेखि विद्युत् उत्पादन पूर्ण रुपमा बन्द (Shut down) हुन पुगेको छ । विद्युत् गृह सञ्चालनमा नआउँदा समीक्षा अवधिमा कम्पनीको तर्फबाट हुने विद्युत् बिक्री आय (Revenue from Electricity Sale) गत वर्षको सोही अवधिको तुलनामा उल्लेख्य रुपमा घट्न गई समग्र वित्तीय सूचकांकमा प्रत्यक्ष प्रतिकूल असर परेको छ । गत आ.व. २०८२/०८३ को अनुपातमा यस आ.व. २०८३/०८४ को असोज मसान्तसम्मको विद्युत बिक्री रु २३ करोड ८८ लाख १० हजार अर्थात ६७.६४ % ले कमी हुन गएको छ ।

अन्य आम्दानी (Other Income)

जलविद्युत् उत्पादनतर्फ आम्दानी अवरूद्ध भए तापनि कम्पनीको अन्य सञ्चालन तथा गैर-सञ्चालन आम्दानीमा भने सकारात्मक सुधार देखिएको छ । यस आर्थिक वर्षमा सहायक कम्पनीहरुलाई उपलब्ध गराइएको अल्पकालीन सापट, बैंकहरुमा राखिएको मुद्दती निक्षेप (Fixed Deposits) बाट प्राप्त ब्याज आम्दानी, तथा 'चिलिमे टावर' बाट प्राप्त बहाल (Rent) आम्दानीतर्फ गत वर्षको सोही अवधिको तुलनामा झन्डै रु ७२ लाख १८ हजार (अर्थात २१७८ प्रतिशत) ले वृद्धि हुन गएको छ ।

प्रशासनिक खर्च तथा वित्तीय भारको विश्लेषण

समीक्षा अवधिमा कम्पनीको कर्पोरेट कार्यालयको प्रशासनिक खर्चमा उल्लेख्यरुपमा वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा प्रशासनिक खर्च रु २ करोड ९ लाख ३ हजार रहेकोमा चालु अवधिमा सो खर्च रु ३ करोड ३१ लाख ४९ हजार पुगेको छ, जुन गत वर्षको तुलनामा १५८.५८ प्रतिशतको वृद्धि हो । खर्च वृद्धि हुनुका मुख्य कारणहरु निम्नानुसार रहेका छन्:

- **कर्मचारी सेवा सुविधा परिमार्जन:** सञ्चालक समितिद्वारा कर्मचारीहरुको सावधिक जीवन बिमा प्रिमियम (Term Life Insurance Premium) लाई सुरू तलबमानमा आधारित हुने गरी अद्यावधिक गरिएको तथा यसै अवधिमा कर्मचारीहरुको आधारभूत तलबमा १० प्रतिशतको वृद्धि भएकाले बिमा प्रिमियम र तलब भत्ताको भार बढ्न गएको हो ।
- **उद्धार तथा खोजी कार्य खर्च:** गत भदौ १० गतेको भीषण बाढी पावरहाउसभित्र प्रवेश गर्दा त्यहाँ कार्यरत ६ जना कर्मचारीहरु भित्रै थुनिन पुगेका थिए । ती कर्मचारीहरुको जीवितै उद्धार गर्ने उच्च प्राथमिकता र आशाका साथ चालिएको खोज तथा उद्धार कार्यमा संलग्न जनशक्ति, उद्धार सामाग्री खरिद तथा तत्कालीन व्यवस्थापनमा लागेको सम्पूर्ण खर्चलाई कर्पोरेट कार्यालयको प्रशासनिक खर्चमा समावेश गरिएकाले खर्चको आकार उल्लेख्य रुपमा बढ्न गएको हो ।

नगद प्रवाह तथा तरलताको उपयोग रणनीति (Cash Flow & Liquidity Utilization)

कम्पनीसँग हाल उपलब्ध रहेको नगद तथा बैंक मौज्दात (Cash and Cash Equivalents) लाई संस्थाको व्यावसायिक निरन्तरता र दीर्घकालीन हितका लागि अमूल्य पूँजी मान्दै निम्न बमोजिमका रणनीतिक कार्यहरुमा योजनाबद्ध रुपमा उपयोग गर्दै लगिनेछ:

- बाढीबाट क्षतिग्रस्त चिलिमे पावरहाउसको द्रुत पुनर्स्थापना तथा पुनर्निर्माण कार्यमा ।
- सेयरधनीहरुलाई उचित प्रतिफल (लाभांश) वितरण गर्ने कार्यमा ।
- कम्पनीको भावी वृद्धिका लागि नयाँ जलविद्युत् आयोजनाहरुको पहिचान, अध्ययन, तथा विकासमा ।
- कम्पनीको तत्कालिन तथा दीर्घकालीन वित्तीय दायित्वहरु (Liabilities) भुक्तानी गर्न ।
- नियमित व्यावसायिक तथा कार्यालय सञ्चालन (Operational Expenses) लाई सुचारू राख्न ।

सञ्चालन आम्दानीको प्रमुख स्रोतमा अवरोध (Concentration of Revenue Risk)

हालसम्म कम्पनीको आम्दानीको मुख्य र एकमात्र आधारभूत स्रोत चिलिमे जलविद्युत् केन्द्र (पावर प्लान्ट) मात्र रहेको सन्दर्भमा, मिति २०८३ साल भदौ १० गते भोटेकोशी नदीमा आएको भीषण बाढीका कारण उक्त पावरहाउसको भौतिक संरचनामा ठुलो क्षति पुग्न गएको छ । यस प्राकृतिक विपत्तिका कारण जलविद्युत् उत्पादन पूर्ण रुपमा ठप्प हुन गई कम्पनीको मुख्य आम्दानीको स्रोत नै सञ्चालन अवधिभरका लागि गुम्न पुगेको छ । यसले गर्दा चालु त्रैमास र आगामी केही अवधिसम्मका लागि कम्पनीको मुख्य व्यावसायिक आम्दानी (Core Operating Revenue) शून्य प्रायः रहने जोखिम देखिएको छ ।

वैकल्पिक आम्दानीको अवस्था (Alternative Income Streams)

मुख्य सञ्चालन आम्दानी अवरूद्ध भएको वर्तमान अवस्थामा कम्पनीको आम्दानी वैकल्पिक एवं गैर-सञ्चालन स्रोतहरुमा मात्र सीमित हुन पुगेको छ । हाल कम्पनीको कुल आम्दानीको रुपमा निम्नानुसारका सीमित स्रोतहरु मात्र बाँकी रहेका छन्:

- सहायक कम्पनीहरुलाई प्रवाह गरिएको अल्पकालीन सापट (Short-term Loans) बापत प्राप्त हुने ब्याज आम्दानी ।
- 'चिलिमे टावर' को व्यावसायिक उपयोगबाट प्राप्त हुने नियमित बहाल (Rent) आम्दानी ।

यद्यपि, यी स्रोतहरुबाट प्राप्त हुने आम्दानीले कम्पनीको नियमित प्रशासनिक खर्च धान्न सहयोग पुर्‍याए तापनि मुख्य उत्पादन अवरूद्ध हुँदा सिर्जना भएको आम्दानीको खाडललाई पूर्ण रुपमा पूर्ति गर्न पर्याप्त देखिँदैनन् ।

वित्तीय व्यवस्थापन तथा तरलताको चुनौती (Liquidity and Financial Management Challenges)

पावरहाउसको आकस्मिक पुनर्स्थापना र पुनर्निर्माणका लागि ठुलो पूँजीको आवश्यकता परेको यस घडीमा कम्पनीको वित्तीय व्यवस्थापन केही चुनौतीपूर्ण देखिन्छ। कम्पनीसँग रहेको नगद मौज्दातको ठुलो हिस्सा यसअघि नै सहायक कम्पनीहरुलाई अल्पकालीन सापटका रुपमा उपलब्ध गराइएको छ। सहायक कम्पनीहरुको आफ्नै वित्तीय अवस्था र आयोजना विकासको चरणका कारण उक्त सापट रकम तत्काले फिर्ता हुने सम्भावना न्यून रहेको छ।

नगद प्रवाह (Cash Flow) मा आएको यो संकुचन र तरलता (Liquidity) को सीमितताका कारण क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, आगामी दिनमा घोषणा गरिने लाभांश दायित्व, र चालू वित्तीय दायित्वहरु समयमै फरिछ्यौट गर्ने कार्यमा थप दबाब पर्न जाने विश्लेषण गरिएको छ । व्यवस्थापनले यस तरलता चुनौतीलाई सामना गर्न वैकल्पिक वित्तीय स्रोतहरु (जस्तैः बैंक ओभरड्राफ्ट, पुनर्निर्माण कर्जा वा बिमा दाबीको अग्रिम भुक्तानी) परिचालन गर्ने सम्बन्धमा आवश्यक गृहकार्य र परामर्श अगाडि बढाइसकेको छ ।

भविष्यको कार्यदिशा (Future Outlook)

बाढीबाट अवरूद्ध भएको पावरहाउसलाई यथाशीघ्र पुनः सञ्चालनमा ल्याउनका लागि कम्पनीले विभिन्न प्राविधिक तथा व्यवस्थापकीय तयारीका कामहरु तीव्र गतिमा सुचारू राखेको छ । बिमा दाबी (Insurance Claim) को प्रक्रिया, प्राविधिक मूल्यांकन, र मर्मत सम्भारको कामलाई प्राथमिकतामा राखी उत्पादन कार्यलाई छिटोभन्दा छिटो पूर्ववत् अवस्थामा फर्काउन कम्पनी व्यवस्थापन पूर्ण रुपमा प्रतिबद्ध रहेको छ ।

कानुनी कारवाही सम्बन्धी विवरण :

कम्पनीको यस कर्पोरेट भवनदेखि उत्तर/पुर्व पट्टिका सँधियारहरुले टावरको नक्शापास रोकि पाउँ भनि सम्मानित श्री सर्वोच्च अदालतमा दिएको रिट निवेदन विचाराधिन अवस्थामा रहेको छ । साथै ठुला करदाता कार्यालयबाट फुल अडिट हुँदा तहाँबाट गणना भएको कर उपर चित्त नबुझि आ.व. २०७५/०७६ र २०७६/०७७ को हकमा आन्तरिक राजश्व विभागमा पुनरावलोकनका लागि दिइएको निवेदन उपर कुनै कारवाही भएको छैन ।

संगठित संस्थाको सेयर कारोवार सम्बन्धी विश्लेषण :

(क) सेयरको बजार मूल्यमा असाधारण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनबाट कुनै कार्यहरु भएका छैनन् तथापि मिति २०८३/०५/१० गते भोटेकोशि नदीमा आएको भिषण बाढिका कारण पावर हाउसबाट हुने विद्युत उत्पादन पुर्णरुपमा प्रभावित हुन गएकोले कम्पनीको मुख्य आयस्रोत नै बन्द हुन गएको अवस्था छ ।

(ख) मिति २०८२/०९/३० गतेको २९औ वार्षिक साधारण सभाले पारित गरे बमोजिम साधारण शेयर दाखिला खारेज बन्द भएको मितिमा सेयरधनी दर्ता कितावमा नाम दर्ता रहेका सेयरधनीहरुले पाउने गरी कम्पनीको चुक्ता पुँजीको ४ प्रतिशत नगद लाभांश तथा मुनाफा रकमबाट चुक्ता पुँजीको ८ प्रतिशत बोनश सेयर वितरण गर्ने प्रस्ताव पारित भए अनुसार सेयरधनीलाई घोषित प्रतिफल वितरण गर्ने कार्य जारी छ । बोनश सेयरलाई पूँजिकरण गरी वासलातमा देखाइएको छ । बोनश सेयर डिम्याट गर नउन नसकेका सेयरधनीहरुको हकमा सेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लि. मार्फत अभौतिकीकरण गराउन उच्चतम् प्रयास भैरहेको छ । हालसम्म पनि आफ्नो शेयर अभौतिकीकरण गराउन छुटेका शेयरधनीलाई यथाशिघ्र अभौतिकीकरण गराउन यसै प्रतिवेदन मार्फत अनुरोध पनि गरिन्छ ।

(ग) त्रैमासिक अवधिको सेयर कारोवार सम्बन्धी विवरण :

सेयरको अधिकतम मूल्य (रू.)	सेयरको न्यूनतम मूल्य (रू.)	सेयरको अन्तिम मूल्य (रू.)	कारोवार भएको कुल दिन	कारोवार संख्या
५००	३२०.४०	३३६.७०	६१	२२४२०

समस्या र चुनौती : सञ्चालन चुनौती, भविष्यका आयोजनाहरू तथा रणनीतिक विश्लेषण

प्राकृतिक विपत्ति, जनधनको क्षति तथा विद्युत गृह पुनर्स्थापनाको चुनौती

मिति २०८३ साल भदौ १० गते भोटेकोशी नदी प्रणालीमा आएको आकस्मिक एवं भीषण बाढी चिलिमे जलविद्युत् केन्द्रको विद्युत् गृह (Powerhouse) भित्र प्रवेश गर्दा त्यहाँ कार्यरत ६ जना कर्मचारीहरुको कार्यक्षेत्रमै दुखद निधन हुन गएको व्यहोरा अत्यन्त मर्माहत र खेदका साथ जानकारी गराइन्छ । यस अभूतपूर्व प्राकृतिक विपत्तिबाट जलविद्युत् केन्द्रको भौतिक संरचना, कर्मचारी आवास गृह र इलेक्ट्रो-मेकानिकल उपकरणहरुमा व्यापक क्षति पुगी सोही मितिदेखि विद्युत् उत्पादन पूर्ण रुपमा अवरूद्ध रहेको छ ।

हालको प्राविधिक अध्ययन प्रतिवेदन अनुसार पुनर्स्थापना कार्यमा निम्न बमोजिमका विशिष्ट इन्जिनियरिङ चुनौतीहरु देखा परेका छन्:

- टेलरेस संरचनाको परिमार्जन: बाढीका कारण भोटेकोशी नदीको पिँध (Riverbed) पुरिएर माथि उठेका कारण टेलरेस (Tailrace) बाट हुने पानीको निकास अवरूद्ध हुने प्राविधिक जोखिम देखिएको छ। यसको दिगो समाधानका लागि टेलरेसको लम्बाइ थप विस्तार गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ।
- वैकल्पिक पहुँच सुरूङ (Alternative Access Tunnel): पावरहाउस भित्र प्रवेश गर्ने विद्यमान मुख्य टनेलको प्राविधिक जोखिमलाई दृष्टिगत गरी, सुरक्षाका आधारमा उक्त स्थानभन्दा माथिल्लो भागबाट प्रवेश गर्ने गरी अर्को वैकल्पिक सुरूङ मार्ग खन्नुपर्ने इन्जिनियरिङ आवश्यकता देखिएको छ।

उल्लेखित पृष्ठभूमिमा, उपलब्ध समय र लागतको उच्चतम अनुकूलन (Time and Cost Optimization) गर्दै सुरक्षित रुपमा विद्युत् उत्पादन पुनर्स्थापना गर्नु वर्तमानमा कम्पनीको मुख्य रणनीतिक चुनौतीको रुपमा रहेको छ ।

नयाँ आयोजनाहरूको अनुमति, कानुनी सीमा तथा विद्युत् खरिद-बिक्री सम्झौता (PPA) को अवस्था

कम्पनीले उत्पादन अनुमति पत्र (Generation License) प्राप्त गरिसकेका सेती नदी-३ अर्ध-जलाशययुक्त जलविद्युत् आयोजना (८७ मे.वा.), बूढीगण्डकी प्रोक जलविद्युत् आयोजना (८१ मे.वा.), र चुमचेत स्यारखोला जलविद्युत् आयोजना (४५ मे.वा.) निर्माण कार्य प्रारम्भ गर्न सकिने प्राविधिक अवस्थामा रहेका छन् । नेपाल सरकारको विद्यमान कानुनी व्यवस्था अनुसार उत्पादन अनुमति पत्र प्राप्त भइसकेकै मितिदेखि आयोजनाको व्यापारिक आयु (License Period) गणना सुरू हुने प्रावधान रहेको छ ।

तर, नियामक निकाय तथा नेपाल विद्युत् प्राधिकरणबाट विद्युत् खरिद-बिक्री सम्झौता (Power Purchase Agreement - PPA) सम्पन्न हुन ढिलाइ भएका कारण आयोजनाहरुको वित्तीय व्यवस्थापन (Financial Closure) लगायतका मुख्य निर्माण कार्यहरु अगाडि बढाउन कानुनी एवं व्यावहारिक बाधा उत्पन्न भएको छ । उक्त PPA प्रक्रियालाई यथाशीघ्र निष्कर्षमा पुर्‍याउन कम्पनी व्यवस्थापनको तर्फबाट उच्च प्राथमिकताका साथ निरन्तर प्रयास र समन्वय भइरहेको छ ।

अर्कोतर्फ, बूढीगण्डकी जलविद्युत् आयोजना (९१ मे.वा.) को हकमा भने सम्भाव्यता अध्ययन (Feasibility Study) तथा विस्तृत इन्जिनियरिङ डिजाइनका कार्यहरु निरन्तर रुपमा सुचारू रहेका छन् ।

सेती नदी-३ अर्ध-जलाशययुक्त जलविद्युत् आयोजना (८७ मे.वा.) को वित्तीय एवं पूर्वाधार प्रगति

यस आयोजनाको वित्तीय व्यवस्थापन (Financial Closure) का लागि विभिन्न प्रतिष्ठित वित्तीय संस्थाहरुसँग घनीभूत छलफल अगाडि बढाइएको छ। यसै क्रममा नेपाल हाइड्रोइलेक्ट्रिसिटी (NHPC) ले यस आयोजनाको वित्तीय व्यवस्थापनमा मुख्य लगानीकर्ता (Lead Financial Institution) को रुपमा सहभागिता जनाउन इच्छा व्यक्त गरेको छ भने अन्य कन्सोर्टियम बैंकहरुसँगको समन्वयमा वित्तीय टुङ्गो लगाउने कार्य अन्तिम चरणमा पुगेको छ।

- **पूर्वाधार अवस्था:** आयोजना स्थलसम्म पुग्ने पहुँच सडक (Access Road) पहिले नै निर्माण भइसकेकाले वित्तीय व्यवस्थापन सम्पन्न हुनासाथ मुख्य निर्माण कार्य द्रुत गतिमा अगाडि बढाउन सकिने अनुकूल परिस्थिति रहेको छ।
- **प्रशारण लाइन तथा रणनीतिक सेयर लगानी:** आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय ग्रीडमा जोड्नका लागि आवश्यक पर्ने प्रशारण पूर्वाधार निर्माणार्थ राष्ट्रिय प्रसारण ग्रीड कम्पनीको अगुवाइमा 'वेस्ट सेती ट्रान्समिसन कम्पनी' मिति २०८३/०३/१३ मा कानुनी रुपमा स्थापना भइसकेको छ। उक्त प्रशारण लाइन आयोजनामा यस कम्पनीले रणनीतिक साझेदारको रुपमा १२.५ प्रतिशत सेयर पूँजी लगानी गर्ने प्रतिवद्धता (Equity Commitment) औपचारिक रुपमा जनाइसकेको छ।

पहुँच सडकको सीमितता तथा आयोजनाहरूको कार्यान्वयन जोखिम

कम्पनीको अनुमति पत्र भित्र रहेका अन्य दुई आयोजनाहरु-बूढीगण्डकी प्रोक जलविद्युत् आयोजना (८१ मे.वा.) र चुमचेत स्यारखोला जलविद्युत् आयोजना (४५ मे.वा.) को हकमा आयोजना स्थलसम्म पुग्ने पहुँच सडक (Access Road) हालसम्म तयार भइनसकेको र विद्युत् खरिद-बिक्री सम्झौता (PPA) समेत हुन बाँकी रहेको हुँदा भौतिक रुपमा निर्माण कार्य तत्काले प्रारम्भ गर्न सकिने अवस्था देखिँदैन ।

वर्तमानमा, उक्त दुर्गम क्षेत्रमा नेपाली सेनाको प्राविधिक नेतृत्वमा सडक ट्र्याक खोल्ने (Road Construction) कार्य निरन्तर रुपमा जारी रहेको छ। नेपाली सेनाबाट सडक सञ्जालको पहुँच सुनिश्चित हुनासाथ र नेपाल विद्युत् प्राधिकरणसँग PPA सम्झौता सम्पन्न हुनासाथ यी दुवै आयोजनाहरुको निर्माण कार्य पूर्ण क्षमतामा अगाडि बढाइने रणनीति तय गरिएको छ ।

संस्थागत सुशासन :

नियम तथा विनियमावलीहरूको कार्यान्वयन (Regulatory Framework)

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यहरुलाई पारदर्शी, व्यवस्थित र सुदृढ बनाउनका लागि 'आर्थिक प्रशासन विनियमावली' पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको छ। यसै गरी, मानव संसाधनको वैज्ञानिक व्यवस्थापन र वृत्तिविकास सुनिश्चित गर्न 'कर्मचारी सेवा शर्त विनियमावली' लगायतका आवश्यक नियम तथा विनियमहरु सञ्चालक समिति (Board of Directors) बाट स्वीकृत गराई व्यवस्थित रुपमा लागू गरिएको छ ।

उप-समितिहरूको गठन र परिचालन (Committees & Governance)

संस्थागत सुशासनलाई सुदृढ गर्न तथा कार्यसम्पादनलाई चुस्त बनाउन कम्पनीले विभिन्न विशिष्टीकृत समिति तथा उप-समितिहरु गठन गरी परिचालन गर्दै आएको छ:

- **लेखापरीक्षण समिति (Audit Committee):** कम्पनी ऐन, २०६३ को कानुनी प्रावधान र निर्देशिकाहरु बमोजिम एक स्वतन्त्र लेखापरीक्षण समिति गठन भई क्रियाशील रहेको छ ।
- **पदपूर्ति समिति (Recruitment Committee):** कर्मचारी छनोट तथा पदपूर्तिको प्रक्रियालाई निष्पक्ष र योग्यतामा आधारित बनाउन यो समिति क्रियाशील छ ।
- **खरिद मूल्यांकन उप-समिति (Procurement Evaluation Sub-committee):** कम्पनीको खरिद प्रक्रियालाई प्रतिस्पर्धी र पारदर्शी बनाउन यो उप-समितिले प्राविधिक एवं वित्तीय मूल्यांकन गर्ने गरेको छ ।
- **अन्य उप-समितिहरू:** व्यावसायिक आवश्यकता र तात्कालिक परिस्थितिका आधारमा अन्य सान्दर्भिक उप-समितिहरु समेत गठन गर्ने परिपाटी रहेको छ ।

आन्तरिक नियन्त्रण प्रणाली (Internal Control System)

कम्पनीको वित्तीय अनुशासन कायम राख्न, सञ्चालन जोखिम न्यूनीकरण गर्न र व्यवस्थापकीय कार्यलाई थप पारदर्शी बनाउनका लागि सुदृढ आन्तरिक लेखापरीक्षण (Internal Audit) को व्यवस्था मिलाइएको छ । नियमित रुपमा गरिने आन्तरिक लेखापरीक्षणले वित्तीय प्रतिवेदनको विश्वसनीयता र कानुनी अनुपालनलाई सुनिश्चित गरेको छ ।

संस्थागत विकास तथा क्षमता अभिवृद्धि (Corporate Capacity Building)

संस्थाको दीर्घकालीन विकास, रणनीतिक सुदृढीकरण तथा कर्मचारीहरुको कार्यक्षमता अभिवृद्धिका लागि कम्पनीले मानव संसाधन विकासलाई विशेष प्राथमिकता दिएको छ। यस अन्तर्गत कर्मचारीहरुका लागि समय-सापेक्ष विभिन्न विधामा अध्ययन, उच्चस्तरीय तालिम, कार्यशाला तथा गोष्ठीहरु नियमित रुपमा आयोजना एवं प्रवर्द्धन गर्ने गरिएको छ ।

प्रमुख कार्यकारी अधिकृतको उद्घोषणा :

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु । साथै म यो उद्घोष गर्दछुकी मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु । लगानी कर्ताहरुलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु । थप जानकारी आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरुको प्रयासलाई सधै स्वागतयोग्य कदम ठान्ने छु ।